# पाठ १ ३

# परमेश्वर तपाईंसँग हुनुहुनेछ



**परमेश्वरको बारेमा यो सिक्नुहोस्।**

कोही मानिसहरूले परमेश्वरलाई प्रेम गर्नेहरूलाई दुःख दिने कोशिश गर्छन्।
तपाईं जहाँसुकै हुनुभए तापनि परमेश्वर तपाईंसँग हुनुहुनेछ।
परमेश्वरले तपाईंको भलाइको लागिनै सबै काम गर्नुहुनेछ।
तपाईंको चित्त दुखाउनेहरूलाई क्षमा दिनको निम्ति परमेश्वरले तपाईंलाई सहायता गर्नुहुनेछ।




यसलाई बाइबलबाट चर्को स्वरमा पाँचपल्ट पढ्नुहोस्।

**यूसुफका मालिकले उनलाई भ्यालखानमा हालिदिए ..... तर परमप्रभु यूसुफसँग हुनुहुन्थ्यो।**
**उत्पत्ति ३९:२०, २१**
**यूसुफले भने .... "तिमीहरूले मेरो विरूद्धमा हानी गर्ने विचार गरेका थियौ, तर परमेश्वरले त्यो काम भलाइमा परिणत गर्नुभयो।"**
**उत्पत्ति ५०:१९, २०**

## के तपाईं यो गर्न सक्नुहुन्छ?

ठीक उत्तरको वरिपरि घेरा लगाउनुहोस्।

१. कसलाई भ्यालखानमा हालियो?

क. अब्राहाम ख. यूसुफ ग. याकूब

२. उनीसँग भ्यालखानमा को हुनुहुन्थ्यो?

क. याकूब ख. एसाव ग. परमेश्वर

३. तपाईंको चित्त दुखाउने मानिसहरूलाई के गर्नको निम्ति परमेश्वरले तपाईंलाई सहायता गर्नुहुन्छ?

क. क्षमा दिन ख. चित्त दुखाउन

४. कसले तपाईंको भलाइको लागि काम गर्नुहुन्छ?

क. तपाईं ख. परमेश्वर

## यसुफका दाज्यूहरूले उनलाई दुःख दिने कोशिश गरे



• देखि • का सबै शब्दहरूका मुनि धर्को तान्नुहोस्।

याकूबका बाह्र छोराहरूमध्ये यूसुफ एक थिए। याकूबले यूसुफलाई धेरैनै माया गर्थे। उनले यूसुफलाई एउटा सुन्दर कोट दिएका थिए। यसले यूसुफका दाज्यूहरूलाई डाही तुल्यायो। तिनीहरूले यूसुफलाई घृणा गर्न थाले।

परमेश्वरले यूसुफलाई प्रेम गर्नुभयो र उनीसँग बोल्नुभयो।

• यूसुफ एक महान् शासक हुनेछन् भन्ने कुरा परमेश्वरले सपनाद्वारा यूसुफलाई देखाउनुभयो। •

• परमेश्वरले आफूलाई भन्नुभएको कुरा यूसुफले विश्वास गरे। •



उनले आफ्ना दाज्यूहरूलाई आफ्नो सपना बताए। यो सुनेपछि त उनका दाज्यूहरूले उनलाई झन् घृणा गर्नथाले।



यूसुफका दाज्यूहरूले उनलाई मार्ने षड्यन्त्र रचन थाले। तिनीहरूले उनलाई खाल्डोमा फालिदिए। तिनीहरूले उनलाई कमारा बनाएर बेचे। जङ्गली जन्तुले यूसुफलाई मार्‍यो भनी तिनीहरूले आफ्ना बाबु याकूबलाई विश्वास गर्नलगाए।

## परमेश्वर यूसुफसँग हुनुहुन्छ

यूसुफलाई किन्ने व्यापारीहरूले उनलाई टाढा देशमा लगे। तिनीहरूले उनलाई पोतिफरको कमारा हुनलाई बेचिदिए।

• तर यूसुफ पोतिफरको घरमा हुँदा परमेश्वर उनीसँग हुनुहुन्थ्यो। •

सबै काम ठीक किसिमले गर्नको लागि परमेश्वरले यूसुफलाई सहायता गर्नुभयो। परमेश्वर यूसुफसँग खुशी हुनुभयो। पोतिफर पनि यूसुफसँग खुशी थिए।

पोतिफरकी स्वास्नीले यूसुफलाई पापमा फँसाउने कोशिश गरी। तर यूसुफले पाप गर्न चाहेनन्। उनी परमेश्वरलाई प्रेम गर्थे। पोतिफरकी स्वास्नीले यूसुफको बारेमा झूटा दोष लगाई। यसैले पोतिफरले यूसुफलाई झ्यालखानमा हालिदिए।




• तर परमेश्वर यूसुफसँग हुनुहुन्थ्यो। •

**परमेश्वरले भलाइको लागिनै सबै काम गर्नुहुनेछ।**



एक दिन राजाले यूसुफलाई बोलाउन पठाए। परमेश्वर राजासँग सपनामा बोल्नुभएको थियो। तर त्यस सपनाको अर्थ के हो भन्ने कुरा राजाले बुझ्नसकेनन्। परमेश्वरले यूसुफलाई राजाको सपनाको अर्थ खोलिदिनुभयो। त्यहाँ सात वर्षसम्म प्रशस्तै उब्जनी भई सहकाल हुनेछ, र त्यसपछिका सात वर्षहरूमा ठूलो अनिकाल हुनेछ र केही अन्न उब्जने छैन। यूसुफले राजालाई सपनाको अर्थ बताइदिए।

राजाले यूसुफलाई आफ्नो देशको बडाहाकिम बनाए। सहकालका सात वर्षहरूमा यूसुफले प्रशस्तै अन्न जम्मा गरे। अनिकालका सात वर्षहरू आए। मानिसहरू अन्नको निम्ति यूसुफकहाँ आउनथाले। धेरै मानिसहरूको जीवन बचाउनको निम्ति परमेश्वरले यूसुफलाई सहायता गर्नुभयो।



**आफ्ना दाज्यूहरूलाई क्षमा दिनको निम्ति परमेश्वरले यूसुफलाई सहायता गर्नुहुन्छ।**

यूसुफका दाज्यूहरू अन्न लिनको लागि आए।

• तिनीहरूले उनको विरूद्धमा गरेका सबै खराब कुराहरूलाई बिर्सिदिनको निम्ति परमेश्वरले यूसुफलाई सहायता गर्नुभएको थियो। •

यूसुफले तिनीहरूलाई खानेकुरा दिए र बस्नको लागि असल ठाउँको बन्दोबस्त पनि गरिदिए। उनले तिनीहरूलाई माया गरे।

• परमेश्वरले भलाइको लागिनै सबै काम गर्नुभयो। •
तपाईंलाई जेसुकै भए पनि, परमेश्वरलाई प्रेम गर्नुहोस् र उहाँसँग प्रार्थना गर्नुहोस्।

• तपाईं दुःख दिने मानिसहरूलाई क्षमा दिनुहोस्। •
परमेश्वरले तपाईंको लागिनै सबै थोक गरिदिनुहुनेछ।

**यी पाठहरूबाट तपाईंले धरै कुराहरू सिकिसक्नुभएको छ।**



परमेश्वरले तपाईंलाई कसरी प्रेम गर्नुभयो भन्ने कुरा तपाईंले सिक्नुभएको छ। परमेश्वर महान् र असल हुनुहुन्छ भनी तपाईंले सिक्नुभयो। परमेश्वरले तपाईंलाई बनाउनुभयो र तपाईं उहाँको बालक भएको उहाँ चाहनुहुन्छ। परमेश्वर असल हुनुहुन्छ र उहाँका सन्तानहरू पनि असल भएको उहाँ चाहनुहुन्छ। तपाईं अरूहरूप्रति दयालु भएको परमेश्वर चाहनुहुन्छ। परमेश्वरले आफ्नो थुमा येशूलाई तपाईंको पापको निम्ति मर्नलाई पठाउनुभयो। परमेश्वरले तपाईंका पापहरूलाई क्षमा दिन र तपाईंलाई आशिष दिन चाहनुहुन्छ।



तपाईं उहाँसँगै स्वर्गमा रहेको परमेश्वर चाहनुहुन्छ। तपाईं जहाँ हुनुभए पनि परमेश्वरले तपाईंको हेरचाह गर्नुहुनेछ। तपाईंले अरूहरूलाई होइन तर उहाँलाई मात्रै आराधना गरेको र प्रार्थना गरेको परमेश्वरले चाहनुहुन्छ। तपाईंले उहाँलाई पछ्याएको परमेश्वर चाहनुहुन्छ।

परमेश्वरले सधैंभरि सत्य बोल्नुहुन्छ। यदि तपाईंले परमेश्वरलाई प्रेम गर्नुभयो र उहाँको आज्ञापालन गर्नुभयो भने, उहाँले सबै कुराहरूलाई ठीक मिलाउनुहुनेछ। हरेक दिन तपाईं प्रभुसँग हिँड्दा र उहाँसँग कुरा गर्दा परमेश्वरले तपाईंलाई आशिष देऊन्।

**प्रार्थना**

परमेश्वर, मलाई थाह छ कि तपाईं आफ्नो वचन बाइबलद्वारा मसँग बोल्नुहुन्छ। तपाईंले यूसुफको हेरचाह गर्नुभयो। तपाईंले अब्राहामलाई आशिष दिनुभयो। तपाईं आदम र नूहसँग हिँड्नुभयो र बोल्नुभयो। तपाईंले मलाई प्रेम गर्नुभयो। म जहाँ भएपनि तपाईं मसँग हुनुहुन्छ।



एक समयमा याकूबलाई गरेझैं तपाईंले मेरा पापहरूको क्षमा दिनुभएको छ। तपाईंको थुमाको मृत्युद्वारा मैले उद्धार पाएको छु। तपाईंले हनोकलाईझैं मलाई पनि स्वर्गमा रहनको निम्ति लैजानुहुनेछ। म तपाईंको बालक हुँ, म जहाँ भए पनि तपाईंलाई प्रेम गर्नेछु।

**प्रश्नका उत्तरहरू**

१. यूसुफ  २. परमेश्वर  ३. क्षमा  ४. परमेश्वर